# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ रोममा हुने अन्तर्राष्ट्रिय विकास कोषको कार्यकारी समितिको बैठक र मनिलामा हुने एशियाली विकास बैंकको एक्काइसौं वार्षिक बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशीनारायण शाहलाई मिति २०४५।१।१२ देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

संचार मन्त्रालयका सचिव श्री विष्णुप्रताप शाह घर बिदामा बस्नुभएकोले उहाँ बिदाबाट फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री जीत बहादुर मानन्धरलाई मिति २०४५।१।२० देखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना ३

जलस्रोत मन्त्रालयका का.मु. सचिव श्री भुवनेशकुमार प्रधान वाशिंगटन डी. सी.मा हुने महाकाली सिंचाइ आयोजनासम्बन्धी वार्ता र पेरिसमा हुने विदेशी सहायता समूहको बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव सरहका अधिकृत श्री हिरण्यजीत मल्ललाई मिति २०४५।१।२० देखि कायम मुकायम मुकरर गरेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना ४

अर्थ मन्त्रालयका सचिव श्री लोकबहादुर श्रेष्ठ विश्व बैंकको तत्वावधानमा पेरिसमा आयोजना गरिने नेपाल विद्युत् क्षेत्र विकाससम्बन्धी बैठकमा भाग लिन जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री शशीनारायण शाहलाई मिति २०४५।१।२७ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको मुख्य सचिव

श्री ५ को सरकार

# गृह मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय बाजुराका प्र.जि.अ. श्री कुमारप्रसाद पौडेल काज र बिदामा रहनुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री सूर्यप्रसाद काफ्लेलाई मिति २०४४।१२।२३ देखि का.मु. मुकरर गरेको छ ।

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय अछामका प्र.जि.अ. श्री नारायणप्रसाद लम्साल काजमा जानुभएकोले सो प्र.जि.अ. पदमा नि.से.नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री ईश्वरराज रेग्मीलाई मिति २०४४।१२।३० देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
गङ्गाप्रसाद प्रधान
उपसचिव



30

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।